स्थानीय सरकार
LOCAL GOVERNMENT
सम्मरीमाई गाउँपालिका
SAMMARIMAI RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
फरेना, रुपन्देही
FARENA, RUPANDEHI
लुम्बिनी, प्रदेश नेपाल
Lumbini, Province Nepal

प.स./Ref No.प्र.२०८३/०८४

च.नं./Dispatch No. ४३२

मितिः२०८३/०७/२७

श्री प्रधानाध्यापक ज्यू,
सामुदायिक विद्यालयहरू र धार्मिक विद्यालयहरु (मदरसा) सबै,
सम्मरीमाई गाउँपालिका, रुपन्देही।

विषयः विद्यार्थी विवरण सत्यापन गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागको प.स.२०८३/०८४ (शै.सू.व्य शाखा), च.नं.०२ मिति २०८३/०४/२० गतेको प्राप्त विद्यार्थी विवरण सत्यापन सम्बन्धी पत्रहरूबाट सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको वास्तविक विवरण शैक्षिक व्यवस्थापन सूचना प्रणाली (**IEMIS**) मा अद्यावधिक तथा सत्यापन गर्नुपर्ने व्यवस्था रहेको व्यहोरा अवगत गराइन्छ। विद्यालयमा वास्तविक रूपमा अध्ययनरत विद्यार्थीको संख्या र **IEMIS** मा प्रविष्ट भएको विद्यार्थी विवरणबीच फरक परेको, विद्यालयमा नियमित अध्ययन नगर्ने विद्यार्थीको नामसमेत **IEMIS** मा कायम रहेको तथा एकै विद्यार्थीको विवरण एकभन्दा बढी विद्यालयमा प्रविष्ट भई दोहोरो विद्यार्थी संख्या देखिएको कारण विद्यार्थी विवरण तथा विद्यालयमा उपलब्ध अनुदान वितरणसम्बन्धी कार्यमा समेत समस्या उत्पन्न हुन सक्ने देखिएकोले देहाय बमोजिमका कार्यहरू अनिवार्य रूपमा गर्न/गराउन हुन अनुरोध छ।

१. विद्यार्थी विवरणको वास्तविक सत्यापन गर्ने सम्बन्धमा:
   - विद्यालयमा भर्ना भई हाल नियमित रूपमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको कक्षागत विवरण भौतिक रूपमा रुजु तथा सत्यापन गर्ने।
   - विद्यालयको हाजिरी रजिस्टर, भर्ना अभिलेख तथा **IEMIS** मा प्रविष्ट विद्यार्थी विवरणबीच तुलना गरी वास्तविक विद्यार्थी संख्या यकिन गर्ने।
   - विद्यालयमा नियमित अध्ययनरत विद्यार्थीको विवरण मात्र **IEMIS** मा कायम राख्ने।
२. दोहोरो विद्यार्थी पहिचान तथा हटाउने सम्बन्धमा:
   - **IEMIS** को **Duplicate Student Report** मेनुबाट आफनो विद्यालयमा देखिएका दोहोरो विद्यार्थीहरूको विवरण अनिवार्य रूपमा जाँच गर्ने।
   - एकै विद्यार्थीको नाम एकभन्दा बढी विद्यालयमा प्रविष्ट भएको पाइएमा सम्बन्धित विद्यालयसँग समन्वय गरी वास्तविक रूपमा अध्ययनरत विद्यालय यकिन गर्ने।
   - आफनो विद्यालयमा वास्तविक रूपमा अध्ययन नगर्ने वा अन्य विद्यालयमा नियमित अध्ययनरत रहेको पुष्टि भएका दोहोरो विद्यार्थीहरूको विवरण **IEMIS** प्रणालीमा अनिवार्य रूपमा **Not in School** गरी हटाउने।
   - कुनै पनि विद्यार्थीको वास्तविक अध्ययनरत विद्यालयको विवरण नहट्ने गरी आवश्यक प्रमाणका आधारमा मात्र विवरण अद्यावधिक गर्ने।
३. विद्यार्थी विवरण अद्यावधिक गर्ने सम्बन्धमा:

Email:- info@sammarimaimun.gov.np
sammarimairm@gmail.com
Website:- sammarimaimun.gov.np
Office Phone No:- 9779857016956

स्थानीय सरकार
LOCAL GOVERNMENT
सम्मरीमाई गाउँपालिका
SAMMARIMAI RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
फरेना, रुपन्देही
FARENA, RUPANDEHI
लुम्बिनी, प्रदेश नेपाल
Lumbini, Province Nepal

प.स./Ref No.प्र.२०८३/०८४

च.नं./Dispatch No. ४३९

- विद्यालयको कक्षाकोठामा नियमित रूपमा उपस्थित विद्यार्थीको विवरण **IEMIS** मा नभएको पाइएमा आवश्यक अभिलेख तथा प्रमाणका आधारमा **IEMIS** मा विवरण अद्यावधिक गर्ने।
- कक्षाकोठामा उपस्थित विद्यार्थी र **IEMIS** मा रहेको कक्षागत विवरण फरक भएमा वास्तविक रूपमा अध्ययनरत विद्यार्थीको विवरण मात्र कायम राखी अन्य विद्यार्थीलाई **Not in School** गर्ने।
- विद्यालय छाडेका, स्थानान्तरण भएका वा अन्यत्र अध्ययनरत रहेका विद्यार्थीहरूको विवरण प्रचलित **IEMIS** व्यवस्थाअनुसार अद्यावधिक गर्ने।

४. समयसीमा तथा जिम्मेवारी सम्बन्धमा:

माथि उल्लिखित सम्पूर्ण कार्यहरू यो पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र अनिवार्य रूपमा सम्पन्नगरी विद्यार्थी विवरण सत्यापन तथा **IEMIS** अभिलेख अद्यावधिक गर्नुपर्नेछ। उक्त कार्यको प्रत्यक्ष जिम्मेवारी सम्बन्धित विद्यालयका प्रधानाध्यापक, **IEMIS** फोकल पर्सन तथा अभिलेखसम्बन्धी कार्य गर्ने शिक्षक/कर्मचारीको रहनेछ। साथै, अद्यावधिक गरिएको विवरणको सत्यता तथा विश्वसनीयताका सम्बन्धमा प्रधानाध्यापक स्वयं जिम्मेवार रहने व्यहोरा समेत जानकारी गराइन्छ।

५. प्रगति विवरण पेस गर्ने सम्बन्धमा:

तोकिएको समयसीमाभित्र विद्यार्थी विवरण सत्यापन तथा दोहोरो विद्यार्थी व्यवस्थापनसम्बन्धी कार्य सम्पन्न गरी देहायका विवरणसहित यस सम्मरीमाई गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखामा प्रतिवेदन पेश गर्नुहुन अनुरोध छ।

क. विद्यालयमा वास्तविक रूपमा अध्ययनरत विद्यार्थी संख्या (कक्षागत रूपमा)।
ख. **IEMIS** मा अद्यावधिक रहेको कुल विद्यार्थी संख्या।
ग. पहिचान भएका दोहोरो विद्यार्थी संख्या।
घ. **Not in School** गरिएका विद्यार्थी संख्या।
ङ. **IEMIS** मा नयाँ विवरण अद्यावधिक गरिएका विद्यार्थी संख्या।
च. विद्यार्थी विवरण सत्यापन सम्पन्न भएको सम्बन्धमा प्रधानाध्यापकको प्रमाणित विवरण। विद्यार्थी विवरण सत्यापन नगरी वा गलत विवरण कायम राखी अनुदान तथा अन्य शैक्षिक कार्यक्रम सञ्चालन गर्दा आर्थिक तथा प्रशासनिक अनियमितता हुन सक्ने भएकाले यस कार्यलाई उच्च प्राथमिकतामा राखी तोकिएको समयभित्र अनिवार्य रूपमा सम्पन्न गर्नुहुन अनुरोध छ। यस सम्बन्धमा शिक्षा विभाग तथा सम्बन्धित निकायबाट प्राप्त निर्देशनको पूर्ण पालना गर्न/गराउन समेत निर्देशानुसार अनुरोध छ।

नोटः उक्त विषयसँग सम्बन्धित सम्पूर्ण विवरण (विद्यालयमा इन्टरनेटको पहुँच भए/नभएको तथा **IEMIS** सम्बन्धी कार्य गर्न कम्प्युटर उपलब्ध भए/नभएको) भएको भए सोको अवस्थाको बारेमा समेत ७ दिनभित्र विवरण यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा उपलब्ध गराइदिनुहुन अनुरोध छ।

०८३/०६/१६
नरेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
शिक्षा विभाग
सानोठिमी, भक्तपुर

प.स.: शै.सू.व्य. २०८३/८४

मिति : २०८३।०४।२०

च.नं. : ८

विषय : विद्यार्थी विवरण सत्यापन गर्ने सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)
श्री विद्यालय (सबै)

उपर्युक्त सम्बन्धमा सबै प्रकार र तह (सामुदायिक, संस्थागत र परम्परागत/धार्मिक प्रकृति) का विद्यालयहरुबाट शैक्षिक सत्र २०८३ मा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा विद्यार्थीको विवरण अध्यावधिक भइसकेको छ। उक्त विवरणमा शुद्धता ल्याउन शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, प्रदेश मन्त्रालय, शिक्षा विकास तथा समन्वय एकाइ, स्थानीय तह र अन्य सरोकारवाला निकायबाट समय समयमा अनुगमन लगायत निम्नानुसारका कार्यहरू हुँदै आएका छन् :

१. स्थानीय तहबाट विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा हुने सबै प्रकारका रकम निकासा गर्नुभन्दा अगाडि विद्यार्थी सङ्ख्या यकिन गरेर मात्र निकासा दिने व्यवस्था कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३/८४ मा स्पष्ट गरिएको,
२. बालविकास र कक्षा १ मा बाहेक अन्य कक्षामा IEMIS मा विद्यार्थी प्रविष्टि गर्न विद्यालयलाई सुविधा नभएको, IEMIS बाट विद्यार्थी ट्रान्सफर गर्नु पर्ने अनिवार्य व्यवस्था गरिएको,
३. यस विभागबाट तथ्याङ्क सत्यापनका लागि आन्तरिक र बाह्य निकायबाट समेत सत्यापनका कार्य भइरहेको,
४. सबै विद्यालयको तथ्याङ्क IEMIS को पब्लिक डयासबोर्डमा सार्वजनिक गरी जोसुकैले पनि हेर्न सकिने व्यवस्था गरिएको,
५. IEMISमा Duplicate Student Report मेनु राखिएको छ । जसबाट स्थानीय तहले दोहोरिएका विद्यार्थी सत्यापन गर्न सक्ने व्यवस्था गरिएको,

स्थानीय तहले विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा प्रदान गरिने विभिन्न शीर्षकमा रकम निकासा गर्नु भन्दा अगाडि अनिवार्य रुपमा विद्यार्थी विवरण सत्यापन गर्नुहुन र विद्यार्थी तथ्याङ्कका सम्बन्धमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक नै प्रमुख जिम्मेवार रहने भएकाले IEMIS मा इन्ट्री भएका विद्यार्थी आफ्नो विद्यालयमा नियमित भए नभएको यकिन गर्न यस विभागको मिति २०८३।०४।२० को निर्णयानुसार अनुरोध छ ।

बोधार्थ:
श्री शिक्षा विकास तथा समन्वय इकाइ(सबै): विद्यार्थी विवरण सत्यापन गर्ने कार्यमा आवश्यक समन्वय एवम् सहजीकरण गर्नु हुन ।

शुशिल पौडेल
तथ्याङ्क अधिकृत

[illegible] गाउँपालिका को कार्यालय
फरेना, रुपन्देही
दर्ता नं: ८४
दर्ता मिति: २०८३/०४/२६